# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टङ्गाल, काठमाडौं

मिति: २०८३।०४।१९ गते।

# प्रेस विज्ञप्ति

### विषय: नियन्त्रणमा लिइएको सम्बन्धमा ।

जिल्ला नुवाकोट, म्यागङ गाउँपालिकाका सूचना प्रविधि अधिकृत बिरेन्द्र तामाङले भुक्तानी रकमको कमिसनमा बार्गेनिङ गर्दै पटक-पटक दुःख हैरानी दिई घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरी निवेदनका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगालबाट खटिएको टोलिले निज बिरेन्द्र तामाङलाई सेवाग्राहीबाट घुस/रिसवत रू.१,००,०००।— (एक लाख रुपैयाँ) लिइसकेको अवस्थामा उक्त रकमसहित जिल्ला काठमाडौं, काठमाडौं महानगरपालिका वडा नं. १६, बालाजुबाट मिति २०८३/०४/१८ गते नियन्त्रणमा लिइएको र विशेष अदालतको आदेशबाट घुस/रिसवत भ्रष्टाचार सम्बन्धी मुद्दामा म्याद थप भई अनुसन्धान प्रक्रिया अगाडि बढाइएको छ।

प्रवक्ता
सुरेश न्यौपाने